गण्डकी प्रदेश सरकार

## सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# सामाजिक विकास कार्यालय

पत्र संख्या:- २०८१/०८२
चलानी नं.-१०५

मिति: २०८१/०८/०३

**विषय: प्रस्ताव पेश गर्नुहुन ।**

श्री चामे गाउँपालिका, मनाङ
श्री मनाङ ङिस्याङ गाउँपालिका, मनाङ
श्री नार्सों गाउँपालिका, मनाङ
श्री नार्पभूमि गाउँपालिका, मनाङ

शिक्षण सिकाइ कार्यलाई व्यवस्थित, सन्तुलित र नतिजामुखी तुल्याउनका लागि अभिभावकहरुको भूमिका महत्वपूर्ण हुने गर्दछ । अभिभावक स्ययंमा वालवालिकाको सिकाइप्रति सकारात्मक चिन्तन, मनोवृत्ति र दृष्टिकोण विकास गरी वालवालिकाहरुको भावी जीवनका लागि उपयुक्त वातावरण सृजना गरी व्यवस्थित, सन्तुलित र सभ्य परिवारको निर्माण गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले यस कार्यालयको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रममा **अभिभावक शिक्षा** कार्यक्रम समावेश गरेको बेहोरा जानकारीका लागि अनुरोध छ । सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट स्वीकृत शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८१ तथा मन्त्रालयको परिपत्र बमोजिम यस कार्यालयसँगको समन्वय र साझेदारीमा उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहहरुले यस पत्रको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिल बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

**..............................गाउँपालिकामा अभिभावक शिक्षा कार्यक्रम कार्यान्वयन गर्नका लागि सामाजिक विकास कार्यालय, मनाङमा पेश गरिएको प्रस्ताव/ विवरण:**

| क्र.सं. | स्थानीय तहको नाम | स्थानीय तहमा रहेका जम्मा विद्यालय संख्या (सामूदायिक र संस्थागत दुवै) | अभिभावक शिक्षा सञ्चालन गर्न सकिने केन्द्र विद्यालयको नाम | सहभागी हुने अभिभावक संख्या | केन्द्र विद्यालयको प्रधानाध्यापकको | | कार्यक्रम सञ्चालन हुने सम्भावित मिति (कुन महिनाको कुन हप्ता/दिन हो एकीन गर्ने) | स्थानीय तहका शिक्षा शाखा प्रमुखको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नाम | सम्पर्क मोबाइल नं. | | नाम | सम्पर्क मोबाइल नं. |
| | | | | | | | | | |
| | | | | | | | | | |

**स्थानीय तहले साझेदारी गर्ने विषय : ...........................................................................................**
(तल उल्लेख छ, सुनिश्चित गर्नका लागि अनुरोध छ ।)

**स्थानीय तहले आवश्यक ठानेको अन्य विषय: ..........................................................................**

*पुनश्च :कार्यक्रम कार्यान्वयन मापदण्ड तथा मन्त्रालयको परिपत्रसमेत बमोजिम उक्त कार्यक्रमका सन्दर्भमा देहाय बमोजिमको ब्यवस्था रहेको बेहोरा समेत जानकारीका लागि अनुरोध छ :*

१. अभिभावक शिक्षा सञ्चालन गर्न सकिने केन्द्र निर्धारण गर्दा अभिभावकको सहजतालाई आधार मान्ने र एक केन्द्रमा कम्तीमा ५० जना सहभागी हुने सुनिश्चित गर्ने,
२. एक स्थानीय तहमा एक वा सो भन्दा बढी केन्द्रमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव गर्न सकिने,
३. स्थानीय तहसँगको साझेदारीमा कार्यक्रम सञ्चालन हुने,

नारायण प्रसाद बाँस्तोला
कार्यालय प्रमुख

Email: sdomanang2078@gmail.com , website: sdomanang.gandaki.gov.np, phone no. 9856026128

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
# सामाजिक विकास कार्यालय
मनाङ

पत्र संख्या:- २०८१/०८२
चलानी नं.- 903

४. **साझेदारी तथा जिम्मेवारी:**
   (क) सामाजिक विकास कार्यालय:
   -प्रशिक्षक, प्रशिक्षण, मसलन्द, साउण्ड सिष्टम, अनुगमन
   (ख) स्थानीय तह:
   - सहभागी व्यवस्थापन, स्थान व्यवस्थापन, सम्पूर्ण व्यवस्थापकीय कार्य (खाजा र पानी समेत) र विद्यालयसँग समन्वय
   (ग) विद्यालय:
   - सहभागी छनौट, आमन्त्रण र समन्वय
   - मन्त्रालयबाट निर्माण भएको सहजिकरण सामग्री प्रयोग गरी स्थानीय तह तथा विद्यालयमा सहजिकरणको व्यवस्थापन गर्ने,
   - प्रतिवेदन तयारी र सम्प्रेषण गर्ने ।

५. मन्त्रालयले विकास गरेका रोष्टर प्रशिक्षकको सहभागितामा प्रशिक्षण एवम् सहजिकरण हुने छ,
६. मनोसामाजिक परामर्श, सकारात्मक सोच, खुशी विज्ञान, जीवन विज्ञान, नवप्रतिभा र तनाव विसर्जन जस्ता विषयवस्तुलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वियन ढाँचा तय गरिने छ,
७. कार्यक्रम कार्यान्वयन गर्ने केन्द्र विद्यालय छनौट गर्दा दुई वा दुई भन्दा बढी विद्यालयका अभिभावक र विद्यार्थीलाई पायक पर्ने स्थानमा केन्द्र कायम गरी संयुक्त उपस्थितिको सुनिश्चित गर्नु पर्नेछ ।
८. आवश्यक अन्य विषय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखराबाट स्वीकृत कार्यक्रम कार्यान्वयन मापदण्ड, परिपत्र तथा निर्देशन बमोजिम स्थानीय तह, सम्बन्धित विद्यालय र यस कार्यालयको समन्वयमा तय गरिने छ ।

नारायण प्रसाद बाँस्तोला
कार्यालय प्रमुख

बोधार्थ:
श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।
श्री शिक्षा विकास तथा समन्वय इकाई मनाङ, आवश्यक समन्वयका लागि ।

Email: sdomanang2078@gmail.com , website: sdomanang.gandaki.gov.np, phone no. 9856026128